# स्थानीय राजपत्र

## राप्ती गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: १०    संख्या:    मिति: २०८३/०१/२३


## भाग २

**राप्ती गाउँपालिका, दाङ**

**कार्यपालिकाबाट स्वीकृत: २०८३/०१/१७**

# मुस्लिम छात्राको लागि MBBS छात्रवृत्ति वितरण मापदण्ड, २०८३

राप्ती गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने अल्पसंख्यक, सीमान्तकृत तथा आर्थिक रूपले विपन्न मुस्लिम समुदायका छात्राहरूको उच्च शिक्षा, विशेष गरी चिकित्सा शिक्षा (MBBS) मा पहुँच सुनिश्चित गरी शैक्षिक सशक्तीकरण गर्न स्थानीय तहमा दक्ष चिकित्सकहरूको उपलब्धता वृद्धि गरी ग्रामीण स्वास्थ्य सेवालाई सुदृढ बनाउन र लक्षित वर्गका जेहेन्दार छात्राहरूलाई प्रोत्साहन प्रदान गर्न नेपालको संविधानले परिकल्पना गरेको समानुपातिक समावेशिता र सामाजिक न्यायको सिद्धान्तलाई स्थानीय स्तरमा कार्यान्वयन गर्न तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ञ) ले प्रदान गरेको शिक्षा र स्वास्थ्य सम्बन्धी अधिकारको प्रयोग गरी राप्ती गाउँपालिकाको आ.व. २०८२/ ०८३ को स्वीकृत वार्षिक कार्यक्रममा राप्ती गाउँपालिका भित्रका मुस्लिम समुदायका छात्राको लागि MBBS अध्ययनार्थ छात्रवृत्ति कार्यक्रममा रकम विनियोजित भएको छ । राप्ती गाउँ कार्यपालिकाको मिति २०८३।०१।१७ गते मा बसेको बैठकको निर्णय बमोजिम यो **"मुस्लिम छात्रा MBBS छात्रवृत्ति वितरण मापदण्ड, २०८३"** तर्जुमा गरी जारी गरिएको छ ।

**व्यक्तिगत तथा कानुनी योग्यता**

- आवेदकले छात्रवृत्ति प्राप्त गर्न निम्न आधारभूत सर्तहरू पुरा गरेको हुनुपर्नेछ:
- स्थायी ठेगाना: राप्ती गाउँपालिका भित्रको स्थायी बासिन्दा हुनुपर्ने (नागरिकता र वडाको सिफारिस अनिवार्य)

अनिवार्य रूपमा मुस्लिम समुदायको छात्रा हुनुपर्ने ।

- मान्यता प्राप्त शिक्षण संस्थाबाट +2 वा सो सरहको परीक्षा उत्तीर्ण गरेको र चिकित्सा शिक्षा आयोग (MEC) को एकीकृत प्रवेश परीक्षामा उत्तीर्ण भई भर्ना सूचीमा परेको वा हाल MBBS अध्यनरत

**प्राथमिकताका आधारहरू :**

निम्न मापदण्डका आधारमा छनौट गर्न सक्छ:

- चिकित्सा शिक्षा आयोग (MEC) को प्रवेश परीक्षामा उत्तिर्ण गरि अध्ययन गर्दै गरेको छात्रा हुनुपर्ने ।
- आर्थिक रूपले विपन्न परिवारका छात्राहरू (वडाको आर्थिक विपन्नता सिफारिसका आधारमा)

**आवेदनका साथ पेश गर्नुपर्ने कागजातको विवरण कैफियत**

- निवेदन गाउँपालिकाले तोकेको अनुसुची १ वमोजिमको आवेदन फारम
- नागरिकता प्रमाणित प्रतिलिपि ।
- वडाको सिफारिस स्थायी बसोबास र मुस्लिम समुदाय प्रमाणित गर्ने ।
- भर्ना प्रमाणMEC को प्रवेश परीक्षाको स्कोर कार्ड र कलेज भर्ना पुष्टि हुने कागजात ।

राप्ती गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने अल्पसंख्यक, सीमान्तकृत तथा आर्थिक रूपले विपन्न मुस्लिम समुदायका छात्राहरूको उच्च शिक्षा, विशेष गरी चिकित्सा शिक्षा (MBBS) मा पहुँच सुनिश्चित गरी शैक्षिक सशक्तीकरण गर्न स्थानीय तहमा दक्ष चिकित्सकहरूको उपलब्धता वृद्धि गरी ग्रामीण स्वास्थ्य सेवालाई सुदृढ बनाउन र लक्षित वर्गका जेहेन्दार छात्राहरूलाई प्रोत्साहन प्रदान गर्न नेपालको संविधानले परिकल्पना गरेको समानुपातिक समावेशिता र सामाजिक न्यायको सिद्धान्तलाई स्थानीय स्तरमा कार्यान्वयन गर्न तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ञ) ले प्रदान गरेको शिक्षा र स्वास्थ्य सम्बन्धी अधिकारको प्रयोग गरी राप्ती गाउँपालिकाको आ.व. २०८२/ ०८३ को स्वीकृत वार्षिक कार्यक्रममा राप्ती गाउँपालिका भित्रका मुस्लिम समुदायका छात्राको लागि MBBS अध्ययनार्थ छात्रवृत्ति कार्यक्रममा रकम विनियोजित भएको छ । राप्ती गाउँ कार्यपालिकाको मिति २०८३।०१।१७ गते मा बसेको बैठकको निर्णय बमोजिम यो **"मुस्लिम छात्रा MBBS छात्रवृत्ति वितरण मापदण्ड, २०८३"** तर्जुमा गरी जारी गरिएको छ ।

## व्यक्तिगत तथा कानुनी योग्यता

- आवेदकले छात्रवृत्ति प्राप्त गर्न निम्न आधारभूत सर्तहरू पुरा गरेको हुनुपर्नेछ:
- स्थायी ठेगाना: राप्ती गाउँपालिका भित्रको स्थायी बासिन्दा हुनुपर्ने (नागरिकता र वडाको सिफारिस अनिवार्य) अनिवार्य रूपमा मुस्लिम समुदायको छात्रा हुनुपर्ने ।
- मान्यता प्राप्त शिक्षण संस्थाबाट +2 वा सो सरहको परीक्षा उत्तीर्ण गरेको र चिकित्सा शिक्षा आयोग (MEC) को एकीकृत प्रवेश परीक्षामा उत्तीर्ण भई भर्ना सूचीमा परेको वा हाल MBBS अध्यनरत

## प्राथमिकताका आधारहरू :

निम्न मापदण्डका आधारमा छनौट गर्न सक्छ:

- चिकित्सा शिक्षा आयोग (MEC) को प्रवेश परीक्षामा उत्तिर्ण गरि अध्ययन गर्दै गरेको छात्रा हुनुपर्ने ।
- आर्थिक रूपले विपन्न परिवारका छात्राहरू (वडाको आर्थिक विपन्नता सिफारिसका आधारमा)

## आवेदनका साथ पेश गर्नुपर्ने कागजातको विवरण कैफियत

- निवेदन गाउँपालिकाले तोकेको अनुसुची १ वमोजिमको आवेदन फारम
- नागरिकता प्रमाणित प्रतिलिपि ।
- वडाको सिफारिस स्थायी बसोबास र मुस्लिम समुदाय प्रमाणित गर्ने ।
- भर्ना प्रमाणMEC को प्रवेश परीक्षाको स्कोर कार्ड र कलेज भर्ना पुष्टि हुने कागजात ।

- शैक्षिक प्रमाणपत्रSEE र +2 को मार्कसिट तथा चारित्रिक प्रमाणपत्र।
- फोटो२ प्रति हालसालै खिचिएको पासपोर्ट साइजको फोटो।

# अनुसूची–१
## आवेदन फाराम

मिति:.............................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू ।
राप्ती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
मसुरिया, दाङ ।

विषय: मुस्लिम छात्रा चिकित्सा शिक्षा (MBBS) छात्रवृत्तिका लागि आवेदन सम्बन्धमा ।

राप्ती गाउँपालिकाको वार्षिक कार्यक्रम अनुसार उपलब्ध गराइने मुस्लिम छात्रा चिकित्सा शिक्षा (MBBS) छात्रवृत्ति प्राप्त गर्नका लागि देहाय बमोजिमका विवरण र कागजातहरू संलग्न राखी यो आवेदन पेश गरेको/गरेकी छु । मेरो विवरण यस प्रकार छ ।

**१. व्यक्तिगत विवरण:**

आवेदकको नाम/थर: ......................................................................
बाबुको नाम: ............................................................................
आमाको नाम: ...........................................................................
स्थायी ठेगाना: राप्ती गाउँपालिका, वडा नं. ........, ...................... (गाउँ/टोल)
जन्म मिति: ....................................................
सम्पर्क मोबाइल नं.: ............................................

**२. शैक्षिक योग्यताको विवरण:**

प्रवेश परीक्षा (CEE) रोल नम्बर: ....................................................
CEE मा प्राप्त अंक/रैंक: ..............................................................
अध्ययन गर्न लागेको शिक्षण संस्था/कलेज: .............................................

**३. संलग्न कागजातहरू (स्व-प्रमाणित प्रतिलिपिहरू):**

[ ] नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
[ ] मुस्लिम समुदायको छात्रा भएको प्रमाणित हुने सिफारिस (सम्बन्धित वडा कार्यालयको) ।
[ ] चिकित्सा शिक्षा आयोग (MEC) द्वारा लिइएको प्रवेश परीक्षा उत्तीर्ण गरेको प्रमाण/Score Card ।
[ ] एस.ई.ई. (SEE) र प्लस टु (+2) को लब्धांक पत्र (Transcript) को प्रतिलिपि ।
[ ] राप्ती गाउँपालिकाको स्थायी बासिन्दा भएको प्रमाण ।
[ ] हालसालै खिचिएको पासपोर्ट साइजको फोटो (२ प्रति) ।

**४. उद्घोष:**

यस आवेदनमा उल्लेख गरिएका सम्पूर्ण विवरणहरू सत्य हुन् । यदि झुठो ठहरेमा प्रचलित कानून-बमोजिम सहुँला बुझाउँला । साथै, छात्रवृत्ति प्राप्त गरे पश्चात गाउँपालिकाले तोकेको शर्त र कार्यविधि पालना गर्न म मञ्जुर छु ।

आवेदकको हस्ताक्षर: ................................
नाम: ....................................................मिति: ....................................................

## अनुसची- २

**सूचना !** **सूचना !!** **सूचना !!!**

**(प्रथम पटक प्रकाशित मिति: २०८२/०१/....)**

**विषय: मुस्लिम छात्राहरुको लागि चिकित्सा शिक्षा (MBBS) छात्रवृत्तिका लागि आवेदन आह्वान सम्बन्धी सूचना।**

राप्ती गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट आ.व. २०८२/०८३ को "मुस्लिम छात्रा चिकित्सा शिक्षा (MBBS) अध्ययन छात्रवृत्ति" शीर्षक अन्तर्गत यस गाउँपालिका भित्र स्थायी रूपमा बसोबास गर्ने मुस्लिम समुदायका छात्राहरूलाई चिकित्सा शिक्षामा प्रोत्साहन र पहुँच अभिवृद्धि गर्ने उद्देश्यले छात्रवृत्ति प्रदान गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ।

देहाय बमोजिमको योग्यता पुगेका इच्छुक उम्मेदवारहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा आवश्यक कागजातहरू सहित यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा आवेदन दिनुहुन सूचित गरिन्छ।

**आवश्यक न्यूनतम योग्यता:**

- राप्ती गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्ने।
- मुस्लिम समुदायको छात्रा हुनुपर्ने।
- मान्यता प्राप्त शिक्षण संस्थामा चिकित्सा शिक्षा (MBBS) तहमा भर्ना भएको वा भर्नाका लागि छनौट भएको हुनुपर्ने।

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू:**

- निर्धारित ढाँचाको आवेदन निवेदन।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
- सम्बन्धित वडा कार्यालयबाट जारी गरिएको स्थायी बसोबास खुल्ने सिफारिस।
- सम्बन्धित वडा कार्यालय वा आधिकारिक निकायबाट मुस्लिम समुदायको भएको प्रमाणित गर्ने सिफारिस।
- चिकित्सा शिक्षा आयोग (MEC) द्वारा लिइएको प्रवेश परीक्षा उत्तीर्ण गरेको प्रमाण र शिक्षण संस्थामा भर्ना भएको खुल्ने कागजात।
- एस.ई.ई. (SEE) र वा सो सरहको शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि।
- पासपोर्ट साइजको फोटो २ प्रति।

**आज्ञाले,**
**देविराम पाठक**
**प्रमुख प्रशासकीय अधिकृत**